# सूचना मागकर्ताका लागि
# सहयोगी पुस्तिका




राष्ट्रिय सूचना आयोग

# सूचना मागकर्ताका लागि सहयोगी पुस्तिका

राष्ट्रिय सूचना आयोग

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | सूचना मागकर्ताका लागि सहयोगी पुस्तिका |
| सम्पादन | : | रत्नप्रसाद मैनाली, सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग |
| प्रकाशक | : | राष्ट्रिय सूचना आयोग |
| डिजाइन, लेआउट | : | पब्लिक अफेयर्स रिसर्च एण्ड कम्युनिकेसन्स (पार्क) |
| सर्वाधिकार | : | राष्ट्रिय सूचना आयोगमा सुरक्षित |
| पहिलो संस्करण | : | २०८० |
| दोस्रो संस्करण | : | २०८० |

राष्ट्रिय सूचना आयोग
सूचना आयोग भवन, त्रिपुरेश्वर, काठमाडौं
फोन: ०१-४५९६५४४, फ्याक्स: ०१-४५९६५४५
वेबसाइट: nic.gov.np, इमेल: info@nic.gov.np
ISBN Number: 9789937161800

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित। यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन् र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन।

USAID अमेरिकी जनताबाट    CIVIL SOCIETY & MEDIA STAND    The Asia Foundation

# आयोगको भनाइ

सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई नेपालको संविधानमा मौलिक हकका रुपमा स्वीकार गरिएको छ । संविधानको धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ मार्फत् अझ व्यवस्थित गरिएको छ । सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भएको छ र सूचनाको हकको कार्यान्वयनका लागि नियामक निकायको रुपमा वि.सं. २०६५ सालमा राष्ट्रिय सूचना आयोगको गठन भई आयोगले संविधान र कानुनले निर्देशित गरेबमोजिम आफ्नो दायित्व निर्वाह गर्दै आएको छ ।

आयोगको मुख्य जिम्मेवारी सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारको सुनिश्चितता गर्नु हो। सार्वजनिक निकायमा रहेका व्यक्तिगत वा सार्वजनिक सरोकारका विषयमा नागरिकले माग गरेको सूचना ती निकायका सूचना अधिकारी र कार्यालय प्रमुखले उपलब्ध नगराएको अवस्थामा आयोगमा पुनरावेदन गर्न पाइने कानुनी व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा रहेको छ । त्यसरी प्राप्त पुनरावेदनउपर उपयुक्त आदेश दिई संविधानप्रदत्त सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई सुनिश्चित गर्नु आयोगको प्राथमिक दायित्व हो ।

कानुनले पुनरावेदनउपर सुनुवाइका साथै सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक कार्यको जिम्मेवारी पनि आयोगलाई दिएको छ । संविधान र कानुनमा व्यवस्थामा गरिएको डेढ दशक वितिसके पनि सूचनाको हकजस्तो महत्वपूर्ण

अधिकारबारे आमनागरिकमा पर्याप्त जानकारी रहेको छैन । यसबारेमा आयोगले विभिन्न प्रवर्द्धनात्मक कार्य गर्दै आए पनि नागरिक तहसम्म जुन हिसावमा पुऱ्याउनु पर्ने हो त्यसढङ्गले पुऱ्याउन नसकिएको तीतो वास्तविकता हो । तथापि, आयोगले यसतर्फ यथाशक्य प्रयास गर्दै आएको छ । यसलाई नागरिक तहसम्म पुऱ्याउन राजनीतिक नेतृत्व, सार्वजनिक निकाय र सरोकारवाला संस्थाको प्रतिबद्धता अझ बढी आवश्यक पर्छ ।

सार्वजनिक निकायलाई सुशासनयुक्त, पारदर्शी र उत्तरदायी बनाउन नागरिक जागरुकता अनिवार्य हुन्छ । सूचना माग गर्न र प्राप्त गर्न पाइन्छ भन्ने संवैधानिक र कानुनी व्यवस्थाबारे आमनागरिकलाई जानकारी नदिई यो सम्भव हुन्न । यसै सन्दर्भमा सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाबारे नागरिकलाई जानकारी दिने हेतु यो हाते पुस्तिका तयार पारिएको हो । यो हाते पुस्तिका तयार गर्न पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा लगाएतका विभिन्न व्यक्तित्व र संस्थाहरुको सहयोग रहेको छ । यो पुस्तिका तयार गर्न आयोगलाई द एसिया फाउण्डेशन र नेशनल डेमोक्रेटिक इस्न्टिच्युट, नेपालबाट महत्वपूर्ण सहयोग प्राप्त भएको छ । यी संस्था प्रति आभार व्यक्त गर्दै आयोग धन्यवाद ज्ञापन गर्दछ ।

माघ २०८० राष्ट्रिय सूचना आयोग

# विषय प्रवेश

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ। यो नागरिकको मौलिक हक हो।

यसरी सूचना माग्ने र पाउने हकभित्र सूचना प्रवाहको हक पनि पर्दछ। यसलाई प्रचलित कानून, अभ्यास र विश्वव्यापी मानव अधिकार घोषणापत्रहरुसमेतले पुष्टि गरेको छ। यसर्थ, आमनेपाली नागरिकमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने हक स्थापित भएकाले अनुसन्धानकर्ता, सञ्चारकर्मी लगायत सूचना आवश्यक पर्ने नागरिक सक्रिय हुनुपर्छ।

**कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २७ ले व्यवस्था गरेको मौलिक हकको प्रचलनका लागि संविधानको धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था छ। यस अनुसार सूचना प्राप्त गर्न कुनै पनि नागरिक रिटको माध्यमबाट अदालत जान सक्छन्।

सूचनाको हकसम्बन्धी ऐनको दफा ११ मा नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था छ। कानूनले व्यवस्था गरेबमोजिम आयोग २०६५ सालमा स्थापना भएको हो।

आयोगको मुख्य जिम्मेवारी नै नागरिकलाई सूचना दिलाउनु हो। कुनै पनि सार्वजनिक निकायमा रहेको व्यक्तिगत वा सार्वजनिक सरोकारको विषयको सूचना प्राप्त गर्न चाहने नागरिकले सूचना नदिने सम्बन्धित निकायका पदाधिकारीविरुद्ध आयोगमा पुनरावेदन दिनुपर्छ। यसरी पुनरावेदन प्राप्त भएपछि कानूनी प्रक्रिया पूरा गरी आयोगले नागरिकको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गर्दछ।

## सूचनाको हकको कानूनी प्रत्याभूति

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नागरिकको सूचना माग्ने र पाउने हकको सम्बन्धमा केही अपवादबाहेकका सूचना प्राप्त हुने प्रत्याभूतिका लागि निम्न २ वटा कानूनी प्रावधानको व्यवस्था गरेको छ :

- सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ।
- ऐनको दफा ४ को उपदफा (१) मा प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु/गराउनु पर्नेछ भन्ने कानूनी व्यवस्था गरिएको छ।

## कानूनमा भएको यही व्यवस्थाबमोजिम -

- राष्ट्रिय सूचना आयोगको आदेश र अदालतको फैसलापछि आमविद्यार्थीको आफ्नो उत्तरपुस्तिका हेर्न पाउने मान्यता स्थापित

भएको छ। सूचना माग गर्दा उत्तरपुस्तिका पनि हेर्न पाइन्छ र ? भनी आश्चर्य प्रकट गरिएकोमा हाल यस्तो व्यवस्थाले उत्तरपुस्तिका परीक्षण गर्नेलाई थप जिम्मेवार तुल्याउन मद्दत गरेको छ।

- अन्य कैयौं पुनरावेदनमा आयोगले सरकारी निकाय, संवैधानिक निकाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, बहुराष्ट्रिय कम्पनी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य सेवा प्रदायक संस्था तथा उपभोक्ता समितिका नाममा सूचना दिनु भन्ने आदेश जारी गरेको छ। आयोगको आदेशपश्चात नागरिकले माग गरेको सूचना समेत प्राप्तगरी यी सबै निकाय सूचनाको हकको दायराभित्र रहेको प्रष्ट सन्देश प्रवाह भएको छ। तसर्थ, यी निकायहरूमा रहेका व्यक्तिगत र सार्वजनिक सरोकारका विषयका सूचना माग्न र पाउन सकिन्छ।

## सूचनाको हकको विश्व इतिहास

सन् १७६६ मा पहिलोपटक स्वीडेनमा सूचनाको हकसम्बन्धी कानून जारी भएको हो। त्यसपछि सन् १९५१ माफिनल्याण्ड, सन् १९६६ मा संयुक्त राज्य अमेरिकामा र सन् १९७० मा डेनमार्क र नर्वेमा यो कानून जारी भयो। हाल विश्वका करिब १ सय ३६ भन्दा बढी मुलुकमा यो कानून जारी भएको छ।

## सूचनाको हकको दक्षिण एसियाको विकासक्रम

सन् २००२ मा पाकिस्तानको पञ्जाब र केपी प्रदेशमा सूचनाको हकसम्बन्धी कानून जारी भयो। तत्पश्चात सन् २००५ मा भारतमा, सन् २००७ मा नेपालमा, सन् २००९ मा बंगलादेशमा, सन् २०१४ मा अफगानिस्तान र माल्दिभ्समा तथा सन् २०१६ मा श्रीलङ्कामा यो कानून जारी भयो। श्रीलङ्कामा सूचना दिन अटेरी गर्ने पदाधिकारीलाई दुई वर्षसम्म कारावासको सजाय हुने कानूनी व्यवस्था छ।

## राष्ट्रिय सूचना आयोगको गठन

नेपालको अन्तरिम संविधानको धारा २७ मा भएको संवैधानिक व्यवस्थाबमोजिम २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन र २०६५ सालमा नियमावली जारी भएको छ। यही ऐनको प्रावधानबमोजिम २०६५ सालमा राष्ट्रिय सूचना आयोगको गठन भएको हो।

## सूचना माग्ने र तत्कालै पाउने

प्रत्येक नागरिकले सम्बन्धित कार्यालयको सूचना अधिकारीसमक्ष सूचना माग गरी निवेदन दिनु पर्छ। यसरी सूचना माग गरेपछि सूचना अधिकारीले तत्कालै सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ।

सामान्यत: यस्तो सूचना लिखितरुपमा माग गर्नुपर्छ। साथै, सूचना माग गर्दा आफूलाई कुन विषयमा के सूचना चाहिएको हो र त्यसको प्रयोजन के हो भन्नेमा सूचना मागकर्ता एकीन हुनुपर्छ। यसो भएपछि

सूचना अधिकारीलाई तत्काल सूचना दिन सजिलो हुन्छ। एउटै निवेदनमा धेरै विषय र बुँदा उल्लेख गरी सूचना माग गर्दा आफूलाई पनि प्रयोजन खुलाउन असजिलो पर्न सक्छ भने सूचना दिनेलाई पनि असुविधा हुन सक्छ। त्यसैले सूचना माग कर्ता के विषयमा सूचना माग गर्न चाहेको भन्ने विषयमा स्पष्ट हुनुपर्छ।

हुलाकका माध्यमबाट तथा फ्याक्स, इमेललगायतका विद्युतीय माध्यमबाट पनि सूचना माग गर्न र प्राप्त गर्न सकिन्छ तर सम्भव भएसम्म सूचना अधिकारीसमक्ष उपस्थित भई निवेदन दिंदा राम्रो हुन्छ। सूचना माग गरेपछि पाइन्छ भन्ने विश्वासका साथ सार्वजनिक निकायमा सूचना माग गर्न जानुपर्छ। किनभने सूचना माग गर्नु र प्राप्त गर्नु प्रत्येक नेपाली नागरिकको संवैधानिक मौलिक हक हो।

यसरी जुनसुकै माध्ययमबाट सूचना माग गरे पनि सूचना मागकर्ता नेपाली नागरिक भएको कुनै प्रमाण (जस्तै-नेपाली नागरिकताको प्रतिलिपी वा यस्तै अन्य) संलग्न गर्नुपर्छ। किनभने हाम्रो संविधानले सार्वजनिक निकायमा रहेको सूचना माग गर्ने अधिकार नेपाली नागरिकलाई मात्र प्रदान गरेको छ।

**लिखित रुपमा सूचना माग्ने र तोकिएको समयमा सूचना हासिल गर्ने**

प्रत्येक नागरिकले सूचना माग गर्दा लिखित निवेदन दर्ता गराउनु पर्छ। यसरी दर्ता गरेको निवेदनको निस्सा लिनु पर्छ। साथै, सूचना अधिकारीको

सम्पर्क नम्बर पनि लिनु पर्छ। सूचना मागको निवेदन दिएपछि सूचना अधिकारीलाई कुन दिन सूचना उपलब्ध हुन्छ भनी सोधनी गर्नुपर्छ। सूचनाको हकसम्बन्धी कानूनमा सूचना माग भएपछि तत्काल उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ। तथापि, माग भएको सूचना सङ्कलन गर्नु पर्ने भए सूचना अधिकारीले बढीमा १५ दिनभित्र मागकर्तालाई सूचना उपलब्ध गराउनु पर्छ।

तर, जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना भने २४ घण्टाभित्र उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ। यसका लागि निवेदनमा पनि सोही व्यहोरा उल्लेख गरी सूचना अधिकारीलाई जानकारी गराउनु पर्छ। यसरी सूचना अधिकारीसँग सूचना माग गरेको बोधार्थ तत् कार्यालयका प्रमुख र राष्ट्रिय सूचना आयोगलाई दिनु पर्ने कानूनी व्यवस्था छैन। तर ईच्छुक नागरिकले यस्तो बोधार्थ निवेदनद्वारा आफूले सूचना माग गरेको व्यहोरा भविष्यमा उजुरी वा पुनरावेदन गर्नुपर्ने निकायलाई सजग गराउनका लागि दिन सकिन्छ।

## सूचना अधिकारीले सूचना नदिए उजुरी गर्ने

सामान्यत: आफूले माग गरेको सूचना, सूचना अधिकारीले १५ दिनभित्र नदिएमा सोही कार्यालयका प्रमुखसमक्ष उजुरी गर्नुपर्छ। यस्तो उजुरी लिखित रूपमा हुलाक, फ्याक्स वा इमेलमार्फत् पनि पठाउन सकिन्छ। आफै उपस्थित भई लिखित उजुरी गरेको अवस्थामा उजुरी दर्ता गरेको निस्सा लिनुपर्छ।

यसरी उजुरी गर्दा दुईवटा कुराको माग दावी गर्नु पर्छ। पहिलो- सूचना नदिने सूचना अधिकारीलाई कारवाही गरिपाऊँ। दोस्रो, मैले माग गरेको सूचना पाऊँ । यस्तो उजुरी सूचना अधिकारीले सूचना दिन इन्कार गरेको पत्र दिएको वा आंशिक सूचना दिएको वा सूचना नदिई १५ दिन गुजारेको मितिबाट सातदिनभित्र गर्नुपर्छ। सामान्यत: यसरी उजुरी परेपछि सम्बन्धित कार्यालय प्रमुखले ७ दिनभित्र सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ।

आयोगमा पुनरावेदन गर्दा सूचना माग गरी सूचना अधिकारीसमक्ष दिएको निवेदन, कार्यालय प्रमुखसमक्ष गरिएको उजुरी र नेपाली नागरिक भएको पुष्टि हुने प्रमाण पनि संलग्न गर्नुपर्छ।

सार्वजनिक चासोका विषयमा सूचना मागेपछि सूचना पाउन पनि सकिन्छ र कतिपय अवस्थामा नपाउन पनि सकिन्छ। यसरी सूचना माग गर्दा सार्वजनिक निकायका पदाधिकारीलाई गलत काम गर्नबाट रोक्न सकिन्छ । किनभने कुनै विषयमा निर्णय गर्दा सार्वजनिक निकायका पदाधिकारी भोलि नागरिकले यस विषयमा सूचनाको हकको प्रयोग गरी सूचना माग गरे भने त्यो विषयको सूचना दिनु पर्छ भन्ने सोच्न बाध्य हुन्छन्। आफूले गरेको निर्णय भोलि सार्वजनिक हुँदा गलत वा भ्रष्टाचारजन्य कार्यलाई प्रोत्साहन हुने प्रकारको रहेछ भने २५ हजार रुपैयाँसम्म जरिवाना र विभागीय कार्वाहीसम्म हुन्छ। यस्तो अवस्थामा त्यस्ता पदाधिकारीको जागिर जानेसम्म हुनसक्छ।

**कार्यालय प्रमुखले पनि सूचना नदिए पुनरावेदन गर्ने**

सूचना माग गर्ने नागरिकले कहिल्यै पनि हार मान्नु हुँदैन । यसर्थ, सूचना अधिकारी र कार्यालय प्रमुख दुवैले सूचना नदिएमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुपर्छ । यस्तो पुनरावेदन गर्दा पहिलो, सूचना अधिकारीले १५ दिनभित्रमा सूचना नदिएको अथवा त्यस भन्दा अगावै गलत वा आंशिक सूचना दिएको अथवा सूचना दिन नसक्ने भनी कुनै लिखित दिएको अवस्था हुनुपर्छ । दोस्रो, कार्यालय प्रमुखसँग गरिएको उजुरीमा पनि निजले सूचना दिनु पर्ने ७ दिनको म्याद गुजारेको वा सूचना दिन इन्कार गरी पत्र दिएको मितिले ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा तोकिएको ढाँचामा पुनरावेदन गर्नुपर्छ ।

यसरी आयोगमा पुनरावेदन गर्दा कुनै दस्तुर लाग्दैन । पुनरावेदनमा हुलाक टिकट पनि टाँस गर्नु पर्दैन ।

यत्ति मेहनत गरेपछि के कस्ता सूचना पाइन्छ ? भनी जिज्ञासा हुन सक्छ । उदाहरणका लागि राष्ट्रिय सूचना आयोगको आदेशपछि लगानी बोर्ड र जिएमआरबीच भएको अपर कर्णाली जल विद्युत आयोजनाको पीडीए सम्झौता, नेपाल र भारत सरकारबीचको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विधान तथा नेपाल र चीनबीच सम्पन्न चिनियाँ हवाई जहाज खरिद र अनुदानसम्बन्धी सम्झौतापत्र समेत सूचना मागकर्ताले पाएका छन् । यसबाट द्विपक्षीय सन्धि-सम्झौताका दस्तावेजमा नागरिकको पहुँच कायम भएको छ ।

यस अतिरिक्त, नलसिङगाड जलविद्युत आयोजनाको परामर्शदाता नियुक्तिसम्बन्धी सम्झौता पत्र लगायतका कागजात पनि आयोगको पहलमा सूचना मागकर्ता नागरिकले पाएका छन् । यसबाट दातृ निकायका सूचनामा पनि नागरिकको हक स्थापित भएको छ । यी सबै दृष्टान्तबाट सूचनाको हकको तागत प्रष्ट हुन्छ ।

**पुनरावेदनउपर कसरी कारवाही हुन्छ ?**

राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्दा आफूले सूचना अधिकारीसँग सूचना माग गरेको र कार्यालय प्रमुखसँग उजुरी गरेको प्रमाण साथमा पेश गर्नुपर्छ। यसरी आयोगसमक्ष परेको पुनरावेदनमा आयोगले समय सीमा तोकी निःशुल्क सूचना उपलब्ध गराउनू भन्नेसमेतको आदेश जारी गर्न सक्छ। आयोगले अधिकतम् ६० दिन भित्र यसबारेमा निर्णय सुनाउँछ । साथै, आयोगले पुनरावेदन निरर्थक ठानेमा खारेज पनि गरिदिन सक्छ ।

आयोगले आफूसमक्ष परेको पुनरावेदनको कारवाही र किनारा गर्न सम्बन्धित सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीसँग बयान लिन सक्छ वा कुनै लिखत पेश गर्न लगाउन सक्छ । सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न पनि सक्छ। आयोगमा पक्ष, विपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानून व्यवसायीलाई उपस्थित गराउन सक्छ । यसका लागि आयोगमा रहेको इजलासमा बहस-पैरवी हुन सक्छ । यसरी, आयोगले अदालती प्रक्रिया अनुसार आफ्नो फैसला सुनाउँछ ।

## सूचना दिन अटेरी गर्नेलाई सजाय

राष्ट्रिय सूचना आयोगमा पुनरावेदन परेपछि आयोगले आवश्यक प्रक्रिया पूरा गरी सूचना दिनू भन्ने आदेश गर्दछ। यसरी आयोगबाट जारी भएको आदेशलाई अटेर गरी सूचना नदिने पदाधिकारीलाई आयोगले एक हजारदेखि २५ हजार रुपयैयाँसम्म जरिवाना गर्न सक्छ।

राष्ट्रसेवक कर्मचारीका हकका आयोगले विभागीय कारवाहीका लागिसमेत लेखी पठाउन सक्छ। नागरिकले माग गरेको सूचना समयमै नदिई ढिलो गरी सूचना दिने पदाधिकारीलाई आयोगले प्रतिदिन दुईसयका दरले जरिवाना गर्न सक्छ।

यसअतिरिक्त यदि कसैले आयोगको आदेशको पालना नगरेमा अर्को दश हजारसम्म सजाय गर्न सक्छ।

यसरी, सूचनाको हकसम्बन्धी ऐनले नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न गराउन गठित आयोगलाई दण्ड गर्नेसम्मको कानूनी अधिकार दिएको छ। नागरिकले माग गरेको सूचना दिनू भन्ने आयोगको आदेशलाई अटेर गर्ने सार्वजनिक निकायका करिब चार दर्जन पदाधिकारी आयोगबाट दण्डित भएका छन्। यस्तो सजाय पाउनेमा विद्यार्थीको उत्तरपुस्तिका दिन अटेर गर्ने, विद्यालयसँग सम्बन्धित सूचना दिन आनाकानी गर्ने, विश्वविद्यालयको परीक्षासँग सम्बन्धित परीक्षार्थीको सूचना नदिने, सार्वजनिक निर्माणको सूचना दिन नमान्ने, नागरिकले माग गरेको सूचना नदिने निजी क्षेत्रबाट सञ्चालित

बैंक तथा वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य सेवा प्रदायक संस्था, उपभोक्ता समिति, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत रहेका छन् ।

## सूचना नपाएका कारणबाट हानि-नोक्सानी भए क्षतिपूर्ति पाउने व्यवस्था

नागरिकले माग गरेको सूचना नपाएका कारण आफूलाई हानि-नोक्सानी पुगेको भए सोको विवरण र प्रमाणसहित सहित राष्ट्रिय सूचना आयोगमा क्षतिपूर्तिका लागि निवेदन दिन सकिन्छ। आयोगले यस्तो निवेदन प्राप्त गरेपछि पुगेको हानि-नोक्सानीको विचार गरी मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्छ । यसमा आयोगले दिलाइदिन सक्ने क्षतिको सीमा तोकिएको छैन ।

यसर्थ, नागरिकले आफूलाई पुगेको क्षतिको अधिकतम् दावी गर्न सक्ने देखिन्छ । तथापि, नागरिकले यससम्बन्धी समुचित प्रमाण संलग्न गरी वा उचित आधार खुलाई मनासिब माफिकको क्षतिपूर्तिका लागि मागदावीसहितको निवेदन दिनुपर्छ ।

तर, यस्तो क्षतिपूर्तिको दावीका लागि सम्बन्धित कार्यालय प्रमुखले तोकिएको सात दिनभित्रमा सूचना उपलव्ध नगराएमा वा सूचना दिन इन्कार गरेको पत्र जारी गरेको वा आंशिक वा गलत सूचना दिएको मितिले तीन महिनाभित्र यस्तो क्षतिपूर्ति माग दावीको निवेदन दिइसक्नु पर्छ ।

**सूचना माग गर्दा दस्तुर लाग्छ ?**

नागरिकले सूचना माग गरी सूचना अधिकारीलाई निवेदन दिंदा, कार्यालय प्रमुखलाई उजुरी गर्दा र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्दा निवेदनका साथ हुलाक टिकट टाँस्नु पर्दैन र कुनै पनि प्रकारको दस्तुर पनि तिर्नु पर्दैन । तर सार्वजनिक निकायबाट सूचना प्राप्त गर्दा दस्तुर तिर्नुपर्ने कानूनी व्यवस्था छ । जसको व्यवस्था निम्नानुसार रहेको छ :

- सूचना मागको निवेदन नि:शुल्क दर्ता गरी निस्सा दिनु/लिनुपर्छ ।
- निवेदनमा हुलाक टिकट टाँस गर्नु पर्दैन र निवेदन बापत कुनै शुल्क पनि बुझाउनु पर्दैन ।
- पहिलो १० पृष्ठको सूचना नि:शुल्क प्राप्त हुन्छ ।
- त्यसपछि A4 साइज को प्रतिपृष्ठ रु. ५/-, A3 साइज को १०/-, डिस्केट वा सिडीमा सूचना लिंदा प्रतिसिडी वा डिस्केटबापत रु. ५०/- र सूचनाको अध्ययन/अवलोकनको पहिलो आधा घण्टा नि:शुल्क, त्यसपछिको प्रतिव्यक्ति एक घण्टाको रु. ५०/-दस्तुर तिर्नु पर्छ ।
- यो बाहेक अन्य दस्तुरको हकमा लागेको खर्चअनुरूप दस्तुर तिर्नुपर्छ भन्ने कानूनी व्यवस्था छ । यी विषयमा नागरिक पनि सजग हुनुपर्छ कयौं सूचना मागकर्ता नागरिकले कानूनमा रहेका यस्ता प्रावधान बुझेर नि:शुल्क सूचना हासिल गरेका छन् ।

## केही सूचना पाउन बाध्य गर्न सकिन्न

संविधानको धारा २७ ले सूचनाको हकको व्यवस्था गरेको र सो अनुरुप सूचनाको हकसम्बन्धी ऐन जारी भएको तथा संविधानको धारा २८ ले गोपनीयताको हकककोे व्यवस्था गरेको र गोपनीयताको हकसम्बन्धी कानून जारी भएको विषयमा भने आमनागरिकले हेक्का राख्नु पर्छ। सिद्धान्ततः लोकतन्त्रमा सूचनाको हक र गोपनीयताको हकलाई सन्तुलितढङ्गले उपयोग गर्नुपर्छ । प्रस्तुत सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा पाँच प्रकारका सूचना प्रवाहमा सार्वजनिक निकाय बाध्य हुनु नपर्ने व्यवस्था छ।

तर, आमनागरिकले आफूलाई आवश्यक परेको सूचना माग गर्नु पर्छ। नागरिकले माग गरेको सूचना कानूनबमोजिम दिन मिल्ने हो कि होइन भन्ने हेर्ने जिम्मा सार्वजनिक निकायका पदाधिकारीको हो भने यसबारे निर्णय गर्ने निकाय राष्ट्रिय सूचना आयोग हो। यदि नागरिकले माग गरेको सूचना कानूनबमोजिम दिन नमिल्ने हो भने सो सूचना कानूनबमोजिम कति समयसम्मका लागि संरक्षण गर्ने गरी वर्गीकरण गरिएको छ भनी जानकारी दिने दायित्व सार्वजनिक निकायको हो।

यसर्थ, आमनागरिकले पहिलो- आफूसँग सम्बधित व्यक्तिगत सरोकारका विषयका सूचना माग गर्नुपर्छ। दोस्रो- सार्वजनिक सरोकारका विषयमा

सूचना माग गरी सार्वजनिक निकायलाई गलत काम नगर्न खबरदारी गरिराख्नु पर्छ। वर्गीकरण गरिएको सूचना पनि पाउनु पर्ने मागदावीसहित नागरिकले आयोगमा पुनरावेदन गरेमा आयोगले सूचना दिनू भनी आदेश गर्न सक्ने व्यवस्था छ।

## सूचनाको वर्गीकरण भनेको के हो ?

- नेपाल सरकारले सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) को प्रकरण (क) देखि (ङ) सम्म उल्लेख गरिएको विषयका सूचना समावेश गरी त्यस्ता प्रकारका सूचना अधिकतम् ३० वर्षसम्म संरक्षण गरी राख्न सकिने कानूनी प्रावधान छ। यसैलाई सूचनाको वर्गीकरण भनिन्छ।
- यस्तो, सूचनाको वर्गीकरणको व्यवस्था सूचनाको हकसम्बन्धी ऐनको दफा २७ मा उल्लेख गरिएको छ।
- वर्गीकरण समितिले हालसम्म तीन पटक सूचनाको वर्गीकरण गरे पनि कार्यान्वयन हुन सकेको छैन। यसर्थ, हाल सूचनाको वर्गीकरण नभएको अवस्था छ।

## व्यक्तिगत सरोकारको सूचना कस्तो प्रकारको हो ?

आमनागरिकले नितान्त आफूसँगमात्र सम्बन्धित सरोकारको विषयमा पनि सूचना माग्न र पाउन सक्ने संवैधानिक र कानूनी व्यवस्था छ।

अब प्रश्न उठ्न सक्छ व्यक्तिगत सरोकारको सूचना भनेको कस्तो प्रकारको हो ?

नितान्त आफूसँगमात्र सम्बन्धित सूचनालाई हाम्रो संविधान र कानुनले व्यक्तिगत प्रकारको सूचना भनेर परिभाषित गरेको छ । उदाहरणका लागि कसैको शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, आफ्नो नाममा रहेको जग्गा, जमिन, घर, सुन, चाँदी, जुहारत, बैंक खातामा वा घरमै रहेको नगद, स्वास्थ्यसम्बन्धी रिपार्ट, जन्म दर्ता प्रमाणपत्र अथवा कुनै सार्वजनिक निकायमा रहेका यस्तै प्रकारका तथ्य, तथ्याङ्कसम्बन्धी जानकारी वा विवरणलाई व्यक्तिगत सरोकारको विषयको सूचना मानिन्छ । यस्ता विषयसँग सम्बन्धित विवरण, जानकारी वा सूचना सम्बन्धित व्यक्ति वा निजको अनुमतिबेगर अरुले प्राप्त गर्न सक्ने प्रावधान कानूनमा छैन। यस्ता सूचना असम्बन्धित व्यक्ति जो-कसैले माग गरे पनि सम्बन्धित व्यक्ति वा निजको अनुमतिबेगर सार्वजनिक निकायले प्रवाह गर्न मिल्दैन । तर, आफूसँग सम्बन्धित विषयमा भने यस्ता सूचना आफैले माग गर्न र प्राप्त गर्न सकिन्छ ।

**सार्वजनिक सरोकारको सूचना कस्तो प्रकारको हो ?**

सार्वजनिक निकायमा रहेका सबैको सरोकारको विषयका बारेको तथ्य, तथ्याङ्क, जानकारी वा विवरण सार्वजनिक सरोकारको सूचना हो ।

यस्ता विषयमा सबै नेपाली नागरिकले चासो राखी सूचना माग गर्न र प्राप्त गर्न सक्छन्। जस्तै राष्ट्रपति कार्यालय, देखि वडा कार्यालयसम्म, बाटोघाटो, पुलपुलेसा, ढल, खानेपानी, शिक्षा, स्वास्थ्य, वातावरण, खाद्य सुरक्षा, संसद, न्यायालय, सुरक्षा निकाय, तीनै तहका सरकार र मातहतका निकाय, सार्वजनिक संस्थान, सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संस्था, शैक्षिक, स्वास्थ्य सेवा प्रदायक सस्था, बैंक तथा वित्तीय संस्थालगायतमा रहेका तमाम विषयका सम्बन्धमा कुनै पनि सार्वजनिक निकायमा जोकोही नेपाली नागरिकले सूचना माग गर्न प्राप्त गर्न सकिन्छ।

## सचेत नागरिकको कर्तव्य

आमनागरिकलाई नेपालको संविधान र कानूनले सूचना माग्ने र पाउने हक दिएको छ। यो हक विश्वव्यापी मानव अधिकार घोषणापत्रमा पनि उल्लेख गरिएको छ, जसको नेपाल पनि पक्ष राष्ट्र हो।

यसर्थ, व्यक्तिगत सरोकार र सार्वजनिक चासोका जुनसुकै विषयसँग सम्बन्धित सूचना माग्ने र पाउने हकको अधिकतम् उपयोग गर्नु प्रत्येक सचेत नागरिकको कर्तव्य हो। साथै, सूचना माग गर्दा निम्न विषयमा ख्याल पुऱ्याउनु पनि जिम्मेवार नागरिकको कर्तव्य हो :

- सूचना माग गर्दा सम्बन्धित सार्वजनिक निकायमा स्वयम् उपस्थित भई, हुलाक, फ्याक्स वा ईमेलमार्फत् लिखित निवेदन दर्ता गराउने, सोको निस्सा लिने र यस्तो निवेदनमा संविधान र कानूनमा

उल्लेखित आफ्नो अधिकारको विषय उल्लेख गर्नु पर्छ ।

- तर, निरक्षर वा शारीरिकरुपले लेख्न नसक्ने नागरिकले मौखिरुपमा पनि सूचना माग गर्न सक्छन् ।
- यस्तो सूचना मागको निवेदन सम्बन्धित कार्यालयमा आफै उपस्थित भएर, वारेशबाट, हुलाक वा कुरियरबाट, फ्याक्स, ईमेल लगायतका उपलब्ध माध्यमबाट पठाउन सकिन्छ, तर आफ्नो निवेदन सूचना अधिकारीले प्राप्त गरेको प्रमाण सुरक्षित गर्नुपर्छ ।
- सूचना माग्नुको उचित प्रयोजन खुलाइएको हुनुपर्छ । यसका लागि आफूलाई आवश्यक परेको सरोकारको विषय, सार्वजनिक चासोको जानकारी, भ्रष्टाचार एवम् अनियमितता नियन्त्रण गर्ने लगायतका विषयमा सूचना माग गर्नुपर्छ । निवेदनमा आफूले कुन विषयमा के सूचना माग गरेको हो सो संलग्न हुनुपर्छ ।
- सार्वजनिक निकायबाट नागरिकलाई प्राप्त सूचनाको दुरुपयोग गर्नु हुँदैन । कानूनमा सूचनाको दुरुपयोग गर्नेलाई पाँच हजारदेखि पच्चीस हजारसम्म जरिवाना हुने व्यवस्था छ ।
- जुनसुकै निकायमा पनि पहिला सूचना अधिकारीलाई सम्बोधन गरी सूचना माग गर्नुपर्छ । सूचना अधिकारी नतोकिएको अवस्था रहेछ भने पनि सूचना अधिकारीलाई नै सम्बोधन गरी सूचना मागको निवेदन दर्ता गराउनु पर्छ । हुलाक, फ्याक्स वा ईमेलबाट सूचना माग गरिएको भए सूचना अधिकारीलाई नै सम्बोधन गरी निवेदन पठाउनु पर्छ । निवेदनमा सूचना अधिकारी तथा कार्यालय प्रमुख भनेर पनि सम्बोधन गर्न सकिन्छ ।

- सूचना माग गर्दा मागकर्ता नेपाली नागरिक भएको प्रमाणित हुने कुनै कागजात साथमा पेश गर्नु पर्छ ।
- सूचनाको प्रतिलिपि माग गर्ने वा सूचना अध्ययन/अवलोकन गर्ने विषयमा एकीन हुनु पर्छ ।
- आफूले माग गरेको विषयको सूचना अर्को कार्यालयमा छ भनी सूचना अधिकारीले किटानी गरी पत्र दिएमा सूचना अधिकारीले किटानी गरिदिएको कार्यालयमा सोही प्रक्रिया पूरा गरी सूचना माग गर्नुपर्छ ।
- सूचना हासिल गर्न कानूनबमोजिमको दस्तुर बुझाउन सहमत हुनुपर्छ ।
- सूचना अधिकारीले सूचना नदिएको, आंशिक वा अधुरो वा गलत सूचना दिएको वा कुनै जानकारी नदिएको १५ दिन पछिको साता दिनभित्र सोही कार्यालयका प्रमुखसमक्ष उजुरी गर्नु पर्छ ।
- कार्यालय प्रमुखले पनि सूचना नदिएमा पैंतीस दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनु पर्छ ।
- सम्भव भएमा, सूचना वर्गीकरण गरी संरक्षण गरिएको सूचना कति वर्षसम्मका लागि संरक्षण गरिएको छ भन्ने बुझेर सूचना माग गर्नुपर्छ ।

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ अनुसार व्यक्तिगत प्रकृतिको सूचना तत् कार्यालयले संरक्षण गरी राख्ने हुँदा त्यस्ता प्रकृतिका सूचना माग गर्नुपूर्व सूचना मागको प्रयोजनमा एकीन हुनुपर्छ ।
- सूचना नदिने पदाधिकारीविरुद्ध दण्डका लागि राष्ट्रिय सूचना आयोगमा प्रमाणसहित उजुरी गर्नुपर्छ ।
- तर, असल नियतले गरेको काममा सजाय नहुने हुँदा सबैले विवेक पुऱ्याउनु पर्छ ।
- ऐनको दफा ३० बमोजिम कानूनी व्यक्तिले पनि दफा ७ (१) र ९ (१) बमोजिम प्रक्रिया पूरा गरी सूचना माग गर्न, प्राप्त गर्न र प्राप्त गर्न नसके दफा १० (१) बमोजिम आयोगमा पुनरावेदन गरी सूचना प्राप्त गर्न सकिन्छ ।
- कुनै सार्वजनिक निकायमा गलत सूचना अभिलेखबद्ध भएको जानकारी भएमा सो सूचना सच्याएर राख्न निवेदन दिनुपर्छ ।
- आमनागरिकले आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग गरी गलत क्रियाकलाप रोक्न र सामाजिक रुपान्तरणका लागि काम गर्नुपर्छ ।
- तर, कसैलाई दु:ख दिने नियतले सूचना माग गर्नु हुँदैन । यो विषय कानूनमा नलेखिए पनि यस विषयमा आमनागरिक स्वयम् जिम्मेवार हुनुपर्छ ।

- सूचनाको हकलाई विश्वभरि नै पारदर्शिताका लागि अचुक औजार मानिन्छ। यसर्थ, सूचना मागकर्ताले पनि आफ्नो कामको पारदर्शितासहित सदाचारिता प्रकट गर्नु नागरिकको कर्तव्य हो भन्ने विषयलाई भुल्नु हुँदैन।
- सूचना दिने लिने संस्कृतिको विकास गरौं। लोकतन्त्रको आधार : सूचनाको अधिकारलाई सबैले मन, वचन र कर्मले कार्यान्वयन गरौं।

## सूचना माग गर्ने निवेदनको ढाँचा

(कानूनमा निवेदनको ढाँचा तोकिएको छैन, यसर्थ यो ढाँचा केवल सहजताका लागि मात्रै हो)

श्री सूचना अधिकारीज्यू,

.............................। (सार्वजनिक निकायको नाम र ठेगाना)

**विषय : सूचना उपलब्ध गराई पाऊँ।**

उपर्युक्त विषयमा म/हामीले यस कार्यालयमा रहेको मेरो/हाम्रो सार्वजनिक सरोकारको तपसिलबमोजिमको सूचना......... प्रयोजनको लागि आवश्यक परेकोले नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेको छु/छौं।

तपसिल

१...............................................................................................

२...............................................................................................

संलग्न कागजात

नेपाली नागरिक भएको प्रमाण झल्कने कागजको प्रतिलिपी

निवेदक

नाम :

ठेगाना :

फोन नं.:

ईमेल :

ईति सम्बत् ..............साल................महिना............गते रोज.......शुभम्।

## कार्यालय प्रमुखसमक्ष पेश गर्ने उजुरीको ढाँचा

(कानूनमा उजुरीको ढाँचा तोकिएको छैन, यसर्थ यो ढाँचा केवल सहजताका लागि मात्रै हो)

श्री कार्यालय प्रमुखज्यू,

......................। (कार्यालयको नाम, ठेगाना)

**विषय : सूचना उपलब्ध नगराएका/सूचना दिन अस्वीकार गरेको/आंशिकरुपमा सूचना उपलब्ध गराएको/गलत सूचना दिएकोले सूचना अधिकारीलाई कारवाही गरी सूचना उपलब्ध गराई पाऊँ।**

उपर्युक्त विषयमा म/हामीले यस कार्यालयको सूचना अधिकारीलाई सम्बोधन गरी मिति ........मा मेरो/हाम्रो सार्वजनिक सरोकारको तपसिल उल्लेखित सूचना माग गरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (२) मा उल्लेखित अवधिभित्र सूचना उपलब्ध नगराएको/सूचना दिन अस्वीकार गरेको/आंशिकरुपमा सूचना उपलब्ध गराएको/गलत सूचना दिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम यो उजुरी पेश गरेको छु/छौं।

अत: सूचना उपलब्ध नगराउने/सूचना दिन अस्वीकार गर्ने/आंशिक सूचना उपलब्ध गराउने र गलत सूचना दिने सूचना अधिकारीलाई दफा ९ को उपदफा (३) बमोजिम कारवाही गरी उपदफा (२) बमोजिम सूचना उपलब्ध गराई पाऊँ।

तपसिल

१...........................................................................................

२...........................................................................................

उजुरीकर्ता :

नाम :

ठेगाना :

फोन नं.:

ईमेल :

ईति सम्बत् ..............साल................महिना............गते रोज.......शुभम्।

# श्री राष्ट्रिय सूचना आयोगमा दिइने पुनरावेदनको ढाँचा

मार्फत्.......... कार्यालय

.............................।

......................................................... उजुरीकर्ता

विरुद्ध

......................................................... विपक्षी

**विषय : मागबमोजिको सूचना उपलब्ध गराई पाऊँ।**

..............................निकायका प्रमुख श्री ............ले मिति...........मा म/हामीलाई ..................विषयको सूचना दिन नमिल्ने निर्णय गरेकोमा देहायको कारण र आधारबाट मरहामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद पैंतीस दिनभित्र दफा १० (१) बमोजिम यो पुनरावेदन गर्दछु/गर्दछौं।

(क) ..........................................................................

(ख) ..........................................................................

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

संलग्न कागजात

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि

(ख) सूचना अधिकारीसमक्ष पेशगरेको निवेदनको प्रतिलिपि

(ग) नेपाली नागरिक भएको प्रमाण झल्कने कागजको प्रतिलिपि

पुनरावेदकको दस्तखत :

नाम :

ठेगाना :

फोन नं.:

ईमेल :

ईति सम्बत् ..............साल................महिना............गते रोज.......शुभम्।

9789937161800

/suchanaayog

/rtinepal